# एलर्जी

## Allergies

An allergy occurs when the body reacts to a substance. This may cause a mild to severe problem. There are different kinds of allergies. The most common allergies are to:

- Things in the air such as pollen, mold, pet dander, or dust
- Things you touch such as metal, latex, or chemicals
- Foods you eat or drink such as eggs, peanuts, nuts, milk, soy, wheat, or shellfish
- Insect stings, such as from yellow jackets, bees, wasps, hornets, or ants
- Medicines, such as antibiotics

An allergy cannot be cured, but treatment can help you feel better. The best plan is to avoid the substances that make your symptoms, or signs, worse.






शरीरले कुनै पदार्थमा प्रतिक्रिया गर्दा एलर्जी हुन्छ। यसले सामान्यदेखि गम्भीर समस्या निम्त्याउन सक्छ। एलर्जी विभिन्न प्रकारका हुन्छन्। सबैभन्दा धेरै देखिने एलर्जीहरू निम्न हुन्ः

- हावामा भएका चीजहरू जस्तै पराग, मोल्ड, पाल्तु जनावरको डन्डर, वा धुलो
- तपाईंले छुने चीजहरू जस्तै धातु, लेटेक्स, वा रसायनहरू
- तपाईंले खाने वा पिउने खानेकुराहरू जस्तै अण्डा, बदाम, बियाँ, दूध, सोया, गहुँ, वा खबटे माछो
- कीराको टोकाई, जस्तै सुन बारुलोहरू, मौरीहरू, बारुलोहरू, अरिङ्गालहरू वा कमिलाहरूबाट
- एन्टिबायोटिक्स जस्ता औषधिहरू

एलर्जी निको हुन सक्दैन, तर उपचारले तपाईंलाई सजिलो महसुस गराउन मद्दत गर्न सक्छ। उत्तम तरिका भनेको तपाईंको लक्षणहरू, वा संकेतहरूलाई खराब बनाउने पदार्थहरूबाट बच्नु हो।

## Symptoms

The most common symptoms of allergies are itchy, runny, or stuffy nose, hives, or skin rashes. More severe allergy symptoms are swelling, wheezing or trouble breathing. If you have trouble breathing, call 911.

Other symptoms depend on the cause of the allergy and may include:

- Itchy, runny, or stuffy nose
- Sinus pressure
- Sneezing
- Itchy, red, swollen, burning, or watery eyes

## लक्षणहरू

एलर्जीको प्रायः देखिने लक्षणहरूमा चिलाउने, नाकबाट सिँगान बगिरहनु वा नाक बन्द हुनु, खटिराहरू, वा छालामा दागहरू हुन्। एलर्जीका धेरै गम्भीर लक्षणहरूमा सुन्निने, घरघराहट वा सास फेर्नमा समस्या हुनु हो। यदि तपाईंलाई सास फेर्नमा समस्या छ भने, 911 मा फोन गर्नुहोस्।

अन्य लक्षणहरू एलर्जीको कारणमा निर्भर हुन्छ र निम्न पर्न सक्छ

- चिलाउने, नाकबाट सिँगान बगिरहनु वा नाक बन्द हुनु
- पिनास दबाब
- हाच्छिउँ आउने
- आँखा चिलाउने, रातो हुने, सुन्निने, पोल्ने वा रसिलो हुने

- Itchy throat or cough
- Less able to taste or smell
- Headaches
- Nausea or vomiting
- Abdominal pain or cramping
- Diarrhea
- Swelling around the mouth or trouble swallowing

- घाँटी चिलाउने वा खोकी लाग्ने
- स्वाद वा सुँघ्ने क्षमतामा ह्रास
- टाउको दुख्नु
- वाकवाकी लाग्ने वा वान्ता हुने
- पेट दुख्नु वा बटारिनु
- झाडापखाला
- मुखको वरिपरि सुन्निनु वा निल्न समस्या हुनु

## Your Care

Your doctor will ask you about your symptoms. Skin or blood tests may be done to check for allergies. Your doctor may suggest over the counter or prescription medicines or injections to treat your symptoms.

## तपाईंको हेरचाह

तपाईंको चिकित्सकले तपाईंलाई लक्षणहरूको बारेमा सोध्नेछन्। एलर्जीको जाँच गर्न छाला वा रगत परीक्षण गर्न सकिनेछ। तपाईंको चिकित्सकले चिकित्सकको पूर्जीबिना किन्न सकिने औषधिहरू वा पूर्जीसहितका औषधिहरू सिफारिस गर्न वा तपाईंको लक्षणहरूको उपचार गर्न सुईहरू लगाउन सुझाव दिन सक्छन्।

## Call your doctor if you have:

- Symptoms that get worse or keep you from doing your normal activities
- A fever over 101 degrees F or 38 degrees C

## तपाईंलाई निम्न समस्या भएमा आफ्नो चिकित्सकलाई फोन गर्नुहोस्:

- लक्षणहरू खराब हुँदै जान्छ वा तपाईंलाई आफ्नो सामान्य गतिविधिहरू गर्नबाट रोक्छ भने
- 101 डिग्री फेरनहाइट वा 38 डिग्री सेल्सियसभन्दा बढीको ज्वरो आएमा

**Talk to your doctor or nurse if you have any questions or concerns.**

**यदि तपाईंका कुनै प्रश्नहरू वा सरोकारहरू छन् भने आफ्नो चिकित्सक वा नर्ससँग कुरा गर्नुहोस्।**

© 2005 – October 27, 2022, Health Information Translations

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.